सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

SUNLIFE

सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ उपदफा (३) र नियमावली २०६५ को नियम ३ को प्रयोजनको लागि यो विवरण प्रकाशित गरिएको छ।

## आ.ब. २०८०/८१ (चौथो त्रैमास)

### १. निकायको स्वरुप र प्रकृति :

यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई नेपाल बीमा प्राधिकरणबाट ( तत्काली बीमा समिति) मिति २०७४/०४/१८ मा जीवन बीमा व्यवसाय गर्ने बीमकको इजाजतपत्र प्राप्त गरी मिति २०७४/०६/०६ गते देखि जीवन बीमा व्यवसायको कार्य प्रारम्भ गरी हाल सम्म निरन्तरता दिदै आईरहेको छ । यस कम्पनीले कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०४९ तथा प्रचलित कानूनको अधिनमा रहि धेरै भन्दा धेरै जीवन बीमा सेवा प्रवाह गर्न “सन लाइफ छ जहाँ जीवन बीमा छ त्यहाँ” भन्ने नारा सहित उत्कृष्ट जीवन बीमा सेवा प्रदायकको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

### २. निकायको काम, कर्तव्य र अधिकार :

कम्पनी ऐन, २०६३, बीमा ऐन २०७९, धितोपत्र ऐन, २०६३, प्रचलित ऐन, कानुन, नियम तथा निर्देशिकाहरुको अधिनमा रही तथा कम्पनीको प्रबन्ध पत्रमा व्यवस्था भए अनुरुप यस कम्पनी कार्यरत छ।

### ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :

२०८१ आसाढ ३१ सम्ममा कार्यरत कर्मचारी संख्या ३८३ रहेको छ।

### ४. निकायबाट प्रदान गरिने सेवा :

बीमा ऐन, २०७९ बमोजिम जीवन बीमा कम्पनीले प्रदान गने सक्ने सम्पुर्ण सेवाहरु।

### ५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी :

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु कम्पनीको बेबसाइट बाट जानकारी लिन सकिन्छ।

### ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

कम्पनीले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सम्बन्धी आवश्यक अन्य सम्पूर्ण विषयवस्तुहरु यस कम्पनीको वेवसाइटमा प्रकाशित गरिएको छ।

### ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

कारोबारका सम्बन्धमा शाखा प्रबन्धक, प्रादेशिक कार्यालय प्रमुख, विभागिय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । कम्पनीको दैनिक कार्य संचालनसँग सम्बन्धित विषयमा प्रमुख

कार्यकारी अधिकृत तथा कम्पनीको समष्टिगत कार्यसंचालनसँग सम्बन्धित विषयमा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नका लागि हाल केन्द्रिय कार्यालयका Chief Strategy Officer श्री दिव्येस झा ( ९७७-०१-४५३६१२६ (EXT. ३२७)) लाई तोकिएको छ ।

**९. सम्पादन गरेको कामको विवरण :**

बीमा ऐन २०७९ एवं नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम जीवन बीमा कम्पनीले गर्न सक्ने सम्पुर्ण कारोबारहरु सम्पादन भइ रहेको छ ।

**१०. सूचना प्रमुखको नाम र पद :**

**सुचना अधिकृतको नामः** प्रदिप गौतम, IT विभाग प्रमुख

**सुचना प्रमुखको नामः** राज कुमार अर्याल, प्रमुख कार्यकारी अधिकृत

**११. ऐन, नियम, विनियम र निर्देशिकाको सूची :**

सम्पूर्ण ऐन, नियम र निर्देशनहरु यस कम्पनीले पालना गर्दै देहाय बमोजिम ऐन, नियम, विनियम र निर्देशिकाहरु निर्जीवन बीमा व्यवसायको लागि प्रमुख रहेका छन् ।

क) कम्पनी ऐन २०६३ तथा कम्पनी नियमावली २०६४

ख) बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०४९

ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र नियमावली २०६४, बाँडफाँड निर्देशिका २०७४

घ) मुलुकी देवानी (संहिता) ऐन, २०७४

ङ) श्रम ऐन २०७४

च) बोनस ऐन २०३०

छ) आयकर ऐन २०५८, मू.अ.कर ऐन २०५२तथा नियमावलीहरु

ज) सम्पत्ती शुद्धिकरण -(मनिलाउण्डरिङ) निवारण ऐन २०६४

झ) नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका सम्पूर्ण निर्देशनहरु तथा परिपत्रहरु

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**

आ. व. वित्तिय विवरण, कुल दावी भुक्तानी विवरण तथा समग्र आर्थिक कारोबारको त्रैमासिक विवरण राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित हुँदौ आएको छ। साथै यस कम्पनीको वेभ साइट www.sunlife.com.np मा समेत राख्ने गरिएको छ।

**१३. तोकिए बमोजिमका अन्य विवरण :**

नभएको।

**१४. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**

अभिकर्ताहरुको नियमित भेला तथा तालिम, वार्षिक साधारण सभा, कर्मचारीहरुलाई तालिम आदि दिइएको छ।

**१५.सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण :**

www.sunlife.com.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

नभएको।

**१७. सार्वजनिक निकायले प्राप्त गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**

यस कम्पनीले जीवन बीमा कारोबार सम्बन्धी कार्य गर्दै आएको छ , त्यसदेखी बाहेक विशेष प्रकारको कुनैपनि कार्यक्रम वा आयोजना संचालन गरेको छैन। कम्पनीको त्रैमासिक व्यवसाहिक कारोबार, प्रगती प्रतिवेदन, विवरण कम्पनीको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

यस कम्पनीले सूचनाको कुनै वर्गिकरण नगरेको। सूचनामा अनाधिकृत पहुँच र सो को अनाधिकृत प्रशारण नहुने गरि प्रचलित कानुन बमोजिम सूचनाको संरक्षण गरिएको।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :**

यस आर्थिक वर्षमा सूचना माग सम्बन्धी कुनै निवेदन प्राप्त नभएको।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

यस कम्पनीले आफेनो वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ। साथै कम्पनीको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिका गरि कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ।